# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश, हेटौंडा

(प्रशासन तथा सूचना प्रकाशन शाखा)

सूचना नं. ५४/०७८-७९, मिति : २०७८/०८/१३

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक पदहरूमा खुला तथा समावेशी लिखित परीक्षाको तपसिल बमोजिम विज्ञापन सम्बन्धी सूचना प्रकाशित गरिएको छ । विज्ञापन सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइट ppsc.bagamati.gov.np मा प्रकाशित गरिएको छ ।

**खुला र समावेशीतर्फ**

| सि.नं. | वि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४/०७८-७९ | खुला | प्रशासन सहायक | ५ | प्रशासन | प्राज्ञिक | | १ |
| | ४a /०७८-७९ | महिला | | | | | | १ |
| २ | ५/०७८-७९ | खुला | लेखा सहायक | ५ | प्रशासन | लेखा | | १ |
| | ५a/०७८-७९ | महिला | | | | | | १ |
| ३ | ६/०७८-७९ | खुला | सूचना प्रविधि सहायक | ५ | प्रशासन | सूचना प्रविधि | | १ |
| | ६a/०७८-७९ | महिला | सूचना प्रविधि सहायक | ५ | प्रशासन | सूचना प्रविधि | | १ |
| ४ | ५१८/०७८-७९ | खुला | ल्याब सहायक | ५ | स्वास्थ्य | प्राज्ञिक | | १ |
| | ५१८a/०७८-७९ | महिला | ल्याब सहायक | ५ | स्वास्थ्य | प्राज्ञिक | | १ |
| ५ | ५१९/०७८-७९ | खुला | कार्यालय सहायक | ५ | प्राज्ञिक | प्राज्ञिक | | १ |
| ६ | ५२०/०७८-७९ | खुला | लाइब्रेरी सहायक | ५ | प्राज्ञिक | लाइब्रेरी | लाइब्रेरी | १ |
| ७ | ५२१/०७८-७९ | खुला | इलेक्ट्रिसियन | ५ | इञ्जिनियरिङ्ग | प्राविधिक | | १ |
| ८ | ५२२/०७८-७९ | खुला | लेक्चरर | ९ | प्राध्यापन | मेडिकल | क्लिनिकल प्याथोलोजी | १ |
| ९ | ५२३/०७८-७९ | खुला | लेक्चरर | ९ | प्राध्यापन | मेडिकल | क्लिनिकल फिजियोलोजी | १ |
| १० | ५२४/०७८-७९ | खुला | लेक्चरर | ९ | प्राध्यापन | नन मेडकल | मेडिकल बायोकेमिष्ट्री | १ |
| ११ | ५२५/०७८-७९ | खुला | लेक्चरर | ९ | प्राध्यापन | नन मेडिकल | पब्लिक हेल्थ | २ |
| | ५२५a/०७८-७९ | महिला | | | | | | १ |
| १२ | ५२६/०७८-७९ | खुला | लेक्चरर | ९ | प्राध्यापन | नन मेडिकल | फार्माकोलोजी | १ |
| १३ | ५२७/०७८-७९ | खुला | लेक्चरर | ९ | प्राध्यापन | नन मेडिकल | फार्मासी/स्पेक्ट्रोस्कोपी | १ |

**परीक्षाको किसिम** : लिखित, कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** : हेटौंडा।

**दरखास्त दस्तुर** :

**पाँचौं तह**

प्रत्येक विज्ञापनका लागि रु.७००।-(सात सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रति समूहका लागि थप रु. ३००/- (तीन सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

**नवौं तह**

प्रत्येक विज्ञापनका लागि रु.३०००।-(तीन हजार) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रति समूहका लागि थप रु. ६००/- (छ सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि** : अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**दरखास्तको माध्यम** : विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरू अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना र नागरिकताको

प्रमाणपत्रको अगाडि र पछाडीको भाग स्क्यान गरी JPG Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०७८/०९/०४ गते सम्म र दोब्बर दस्तुर तिरी २०७८/९/११ गते सम्म।

**उम्मेदवारको उमेरको हद** :

- प्रतिष्ठानको (कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी) नियमावली, २०७७ को नियम १६ (ग) बमोजिम ।
- प्रतिष्ठानको (शिक्षक सेवा, शर्त र सुविधा सम्बन्धी) नियमावली, २०७७ को नियम ४९ बमोजिम ।

**कम्प्यूटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मिति र स्थान** : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** : प्रतिष्ठानले तोके बमोजिम।

**तलब तथा सेवा सुविधा** : प्रतिष्ठानले तोके बमोजिम।

**लिखित परीक्षा कार्यक्रमः**

| विज्ञापन नम्बर | पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय | |
|---|---|---|---|---|
| | | | प्रथम चरण | |
| | | | प्रथम पत्र | द्वितीय पत्र |
| ४-४a/०७८-७९ (खुला) | प्रशासन सहायक/प्रशासन/प्राज्ञिक | ५ | २०७८/११/०९ गते सोमबार अपरान्ह २:३० बजे | २०७८/११/१० गते मंगलबार अपरान्ह २:३० बजे |
| ५-५a/०७८-७९ (खुला) | लेखा सहायक/प्रशासन/लेखा सहायक | ५ | २०७८/११/११ गते बुधबार अपरान्ह २:३० बजे | २०७८/११/१२ गते बिहीबार अपरान्ह २:३० बजे |
| ६-६a/०७८-७९ (खुला) | सूचना प्रविधि सहायक/प्रशासन/सूचना प्रविधि | ५ | २०७८/१०/१३ गते शुक्रबार अपरान्ह २:३० बजे | |
| ५१८-५१८a/०७८-७९ (खुला) | ल्याब सहायक/स्वास्थ्य/प्राज्ञिक | ५ | २०७८/११/१४ गते शनिबार अपरान्ह २:३० बजे | २०७८/११/१५ गते आइतबार अपरान्ह २:३० बजे |
| ५१९/०७८-७९ (खुला) | कार्यालय सहायक/प्राज्ञिक/प्राज्ञिक | ५ | २०७८/११/१६ गते सोमबार अपरान्ह २:३० बजे | २०७८/११/१७ गते मंगलबार अपरान्ह २:३० बजे |
| ५२०/०७८-७९ (खुला) | लाइब्रेरी सहायक/प्राज्ञिक/ लाइब्रेरी/ लाइब्रेरी | ५ | २०७८/११/१८ गते बुधबार अपरान्ह २:३० बजे | २०७८/११/१९ गते बिहीबार अपरान्ह २:३० बजे |
| ५२१/०७८-७९ (खुला) | इलेक्ट्रिसियन/इञ्जिनियरिङ/प्राविधिक | ५ | २०७८/११/२० गते शुक्रबार अपरान्ह २:३० बजे | |
| ५२२/०७८-७९ (खुला) | लेक्चरर/प्राध्यापन/मेडिकल/क्लिनिकल प्याथोलोजी | ९ | २०७८/१०/२४ गते सोमबार अपरान्ह २:३० बजे | २०७८/१०/२५ गते मंगलबार अपरान्ह २:३० बजे |
| ५२३/०७८-७९ (खुला) | लेक्चरर//प्राध्यापन/मेडिकल/क्लिनिकल फिजियोलोजी | ९ | २०७८/१०/२६ गते बुधबार अपरान्ह २:३० बजे | २०७८/१०/२७ गते बिहीबार अपरान्ह २:३० बजे |
| ५२४/०७८-७९ (खुला) | लेक्चरर/प्राध्यापन/नन मेडिकल/मेडिकल बायोकेमिष्ट्री | ९ | २०७८/११/०१ गते आइतबार अपरान्ह २:३० बजे | २०७८/११/०२ गते सोमबार अपरान्ह ४:३० बजे |
| ५२५-५२५a/०७८-७९ (खुला तथा समावेशी) | लेक्चरर/प्राध्यापन/नन मेडिकल/पब्लिक हेल्थ | ९ | २०७८/११/०३ गते मंगलबार अपरान्ह २:३० बजे | २०७८/११/०४ गते बुधबार अपरान्ह २:३० बजे |
| ५२६/०७८-७९ (खुला) | लेक्चरर/प्राध्यापन/नन मेडिकल/फार्माकोलोजी | ९ | २०७८/११/०५ गते बिहीबार अपरान्ह २:३० बजे | २०७८/११/०६ गते शुक्रबार अपरान्ह २:३० बजे |
| ५२७/०७८-७९ (खुला) | लेक्चरर/प्राध्यापन/नन मेडिकल/फार्मासी/स्पेक्ट्रोस्कोपी | ९ | २०७८/११/०७ गते शनिबार अपरान्ह २:३० बजे | २०७८/११/०८ गते आइतबार अपरान्ह २:३० बजे |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता (खुला तथा समावेशीको लागि)**

**लेक्चरर/क्लिनिकल फिजियोलोजीः**

"क्लिनिकल फिजियोलोजी विषयमा एम. डी. वा सो सरहको उपाधि र एम. बि. बि. एस् वा सो सरहको उपाधि प्राप्त गरेको"

**लेक्चरर/क्लिनिकल प्याथोलोजीः**

"क्लिनिकल प्याथोलोजी विषयमा एम. डी. वा सो सरहको उपाधि र एम. बि. बि. एस् वा सो सरहको उपाधि प्राप्त गरेको"

**लेक्चरर/जन-स्वास्थ्य (पब्लिक हेल्थ)ः**

"पब्लिक हेल्थ विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि र पब्लिक हेल्थ विषय वा स्वास्थ्य विज्ञान विधाको कुनै विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको"

**लेक्चरर/फार्मासी/फार्माकोलोजीः**

"फार्माकोलोजी विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि र फार्मासी विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको"

**लेक्चरर/फार्मासी/एनालाईटिकल केमेस्ट्री/स्पेकट्रोस्कोपीः**

"एनालाईटिकल केमेस्ट्री वा स्पेकट्रोस्कोपी विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि र फार्मासी विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको"

**लेक्चरर/मेडिकल वायोकेमेष्ट्रीः**

"मेडिकल वायोकेमेष्ट्री विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि र मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको"

**प्रशासन सहायक/प्रशासन/प्राज्ञिकः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

**लेखा सहायक/प्रशासन/लेखाः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्र मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण"

**सूचना प्रविधि सहायक/प्रशासन/सूचना प्रविधिः**

"वाणिज्य संकायमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

**ल्याब सहायक/स्वास्थ्य/प्राज्ञिकः**

"+२ साइन्स उत्तीर्ण वा ल्याब टेक्नीसियन (३ वर्षे) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

**लाइब्रेरी सहायक/प्राज्ञिक/लाइब्रेरी/लाइब्रेरीः**

"प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा ३ महिने पुस्तकालय सम्बन्धी तालिम प्राप्त गरेको"

**कार्यालय सहायक/प्राज्ञिक/प्राज्ञिकः**

"प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

**इलेक्ट्रिसियन/इञ्जिनियरिङ/प्राविधिकः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट न्युनतम इलेक्ट्रिकल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

## खुला/समावेशी परीक्षाको लागि विशेष सूचना

१. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरूको लागि प्रथम चरणमा उत्तीर्ण गरेको उम्मेदवारहरूलाई मात्र द्वितीय चरणमा सहभागी गराइनेछ।

२. समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

३. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै स्वयम् आयोगको कार्यालयमा उपस्थित भई आवेदन गर्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

४. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

५. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

६. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

७. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको दरखास्त फाराम स्वीकृत/अस्वीकृत तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत् जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार आफैं हुनुपर्नेछ ।

८. विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ ।

९. यस सूचना बमोजिम तोकिएको माग पदको सङ्ख्यामा दोहोरो माग कायम हुन आएको देखिएमा माग पदमा संशोधन हुन सक्नेछ।